# प्रदूषणको चपेटामा क्रिकेट

# लखनऊ टी-२० रद्द हुँदा दर्शक आक्रोशित



■ एजेन्सी

लखनऊ । भारतको लखनऊमा बुधबार राति हुने तय भारत र दक्षिण अफ्रिकाबीचको चौथो टी-२० क्रिकेट खेल बाक्लो कुहिरोका कारण रद्द गरिएको छ । अम्पायरहरूले खेल सुरु हुनुभन्दा पहिले धेरै पटक मैदानको निरीक्षण गरेका थिए । तर प्रत्येक पटक टसको समय बढाइएको थियो, अन्ततः खेल रद्द गर्नुपर्‍यो । खेलअघि अधिकांश क्रिकेटर मास्क लगाएर मैदानमा देखिएका थिए । ५ खेलको टी-२० शृंखलामा भारत २-१ ले अगाडि छ । पाँचौं तथा अन्तिम टी-२० खेल आज (शुक्रबार) अहमदाबादमा खेलिने छ ।

यसैबीच, रंगशालामा उपस्थित दर्शकहरू निराश भए र खुलेआम आफ्नो रिस व्यक्त गरे । केही फ्यानले रातमा खेल राख्नाले यस्तो अवस्था आएको बताए । 'जब धेरै दिनदेखि कुहिरो बढिरहेको छ, तब रातमा खेल सञ्चालन गर्नुको के आवश्यकता थियो, यो दिनमा सञ्चालन गरिनुपर्थ्यो,' एक समर्थकले भने । आक्रोशित समर्थकहरूले रंगशाला बाहिर नारबाजीसमेत गरे । एक महिला फ्यानले भनिन्, 'खेल हेर्न आउनका लागि हामीले हाम्रा अन्य काम थाती राखेका थियौं । बच्चाहरूलाई घरमै छोडेर आएका थियौं । खेल रद्द हुनु धेरै निराशाजनक छ ।' अर्का एक फ्यानले पनि आफ्नो यात्रा खर्च ब्यर्थमै खेर गएको बताए । 'म हाथरसबाट खेल हेर्न आएको हुँ । खेलको पैसा त मैले फिर्ता पाएको छु, तर मेरो यात्रा खर्च र आवास खर्चको बारेमा के हुन्छ ? यहाँ धेरै लापरबाही भएको छ ।'

वरिष्ठ खेल पत्रकार निखिल नाजले इन्स्टाग्राममा लेखेका छन्, 'खेलअघि हार्दिक पाण्ड्या मैदानमा मास्क लगाएको देखियो । हाल लखनऊको एक्युआई ४९० छ, यो स्वास्थ्यका लागि गम्भीर अवस्था हो । यस्तो अवस्थामा खेल्नु खेलाडीहरूका लागि धेरै गम्भीर साबित हुन सक्छ ।' वरिष्ठ पत्रकार राजदीप सरदेसाईले भनेका छन्, 'यो एकदमै लज्जास्पद छ । लखनऊको हावा धेरै खराब छ । एक्युआई ४०० भन्दा माथि छ । यो कुहिरो होइन, धुवाँ हो । यहाँको हावा एकदमै दुर्गन्धित छ ।'

### नेताले दिए राजनीतिक रङ

टी-२० खेल रद्ध भएकोमा कतिपय नेताले राजनीतिक रङ दिएका छन् । खेल रद्द भएपछि अखिलेशसिंह यादव र शशि थरुरजस्ता राजनीतिज्ञहरूले आफ्नो प्रतिक्रिया व्यक्त गर्दै यसलाई दुर्भाग्यपूर्ण भनेका छन् । नेता यादवले दिल्लीको प्रदूषण अब लखनऊसम्म पुगेको बताएका छन् । उनले सामाजिक सञ्जाल एक्समा लेखेका छन् , 'दिल्लीको प्रदूषण अब लखनऊसम्म पुगेको छ । त्यसैले लखनऊमा हुने अन्तर्राष्ट्रिय क्रिकेट खेल आयोजना हुन सकेको छैन । यसको कारण कुहिरो नभएको धुवाँ भएको नेता यादवको भनाइ छ । 'हामीले लखनऊको स्वच्छ हावाका लागि बनाएका पार्कहरू, भाजपा सरकार त्यहाँ कार्यक्रमहरू आयोजना गरेर नष्ट गर्न चाहन्छ । भाजपाका मानिसहरू न त मानिससँग सम्बन्धित छन् न त वातावरणसँग,' उत्तर प्रदेश सरकारमाथि कटाक्ष गर्दै उनले भनेका छन्, 'आफ्नो अनुहार छोप्नुहोस्, तपाईं लखनऊमा हुनुहुन्छ ।'

कांग्रेस आईका नेता शशि थरुरले लेखेका छन्, 'लखनउका दर्शकहरू भारत र दक्षिण अफ्रिकाबीचको खेल सुरु हुने उत्सुकताका साथ पर्खिरहेका थिए, तर यो सबै व्यर्थ भयो । कुहिरो र धुवाँका कारण प्रकाश यति कम छ कि खेल खेल्न सकिँदैन । लखनऊको एक्युआई हाल ४११ छ । उनीहरूले यो खेल तिरुवनन्तपुरममा आयोजना गर्नुपर्थ्यो, जहाँ एक्युआई ६८ मात्र छ ।'

यसैबीच, भारतीय क्रिकेट नियन्त्रण बोर्ड (बिसिसिआई)का कार्यकारी बोर्डका उपाध्यक्ष राजीव शुक्लाले समाचार एजेन्सी एएनआईलाई भने , 'कुहिरोका कारण खेल रद्द गर्नुपर्‍यो । यसप्रति मानिसहरू आक्रोशित थिए । हामीले डिसेम्बर १५ देखि जनवरी १५ सम्म हुने खेलहरूको तालिका हेर्नुपर्नेछ ताकि यस अवधिमा उत्तर भारतमा हुने खेलहरू दक्षिण भारतमा सानें कि नबढ्ने भनेर निर्णय गर्न सकियोस् । कुहिरोका कारण घरेलु खेलहरू पनि प्रभावित भइरहेका छन् ।'

# छायांकनमा पेन्सन पट्टा



■ सौर्य समाचार

काठमाडौं । कलाकार माओत्से गुरुङको निर्देशनमा निर्माण हुने फिल्म 'पेन्सन पट्टा'को छायांकन सुरु भएको छ । कास्कीको ताङतिङ गाउँबाट छायांकन सुरु गरिएको फिल्म ३५ दिनसम्म ताङतिङमै खिचिनेछ । माओत्सेकै लगानी रहने फिल्ममा दयाहाङ राई, सुनिल थापा, पशुपति राई, गौमाया गुरुङ, बुद्धि तामाङ, विल्सनविक्रम राई, सुनिल थापा, राज थापा काउछा, लुनिभा तुलाधर, विश्वास गुरुङ, माया गुरुङ, यासिली राईको अभिनय हुनेछ ।

निर्माता तथा निर्देशक गुरुङका अनुसार फिल्मले लोभी केटा कसरी दानी बन्छ भन्ने देखाउने छ । 'फिल्मको नामले भूतपूर्व लाहुरेको कथा जस्तो लागे पनि कथा फरक हो', उनले भने । माओत्से गुरुङ फिल्मसूको ब्यानरमा निर्माण हुने फिल्मको कथा पनि निर्देशक गुरुङले नै लेखेका हुन् ।

मीन कोन्मे गुरुङ (सिकलेस), भोजबहादुर गुरुङ (युके) र सपना गुरुङ निर्माता रहेको फिल्मको प्रोडक्सन म्यानेजर डिबी गुरुङ हुन् । फिल्ममा सुशन प्रजापतिको छायांकन, सुरज तमुको कास्टिङ, झुमा लिम्बु, मनोज थापा मगर र शिव बराइलीको संगीत छ ।

निर्देशक गुरुङको डेव्यु निर्देशनमा निर्माण भएको फिल्म 'दयारानी' बक्सअफिसमा हिट भएको थियो । माओत्से फिल्ममा प्रायः चरित्र अभिनेतामा देखिन्छन् । उनीसँग गुरुङ भाषाको फिल्म निर्देशनको पनि अनुभव छ ।

# फेक एमएमएस भिडियोले तनावमा अन्जली

■ एजेन्सी

मुम्बई । 'कच्चा बादाम गर्ल' का रुपमा परिचित अन्जली अरोडा संगीत र सामाजिक सञ्जालमा लोकप्रिय छिन् । उनी व्यापारी पनि हुन् । उनको सलून चेन छ । अन्जली फ्यान माझ चर्चित भइरहँदा एक फेक एमएमएस भिडियो सामाजिक सञ्जालमा भाइरल भएको थियो । अन्जलीले उक्त भिडियो आफ्नो नभएको भने पनि त्यो पीडा ३ वर्ष पछिसम्म उत्तिकै छ ।

अन्जलीले इन्स्टाग्राममा आफूलाई वर्तमान समयमा काम पाउन कति समस्या भइरहेको छ भन्ने कुरा लेखेकी छन् । '३ वर्ष अघि म फेक एमएमएस भिडियोको शिकार भएकी थिएँ । जहाँ मेरो नाम लिइएको थियो । त्यो मेरो अनुभवका लागि निकै ट्रमेकि थियो । आज पायल गेमिङ समक्ष पनि एउटा यस्तै कुरा भयो र सबै कुरा देखेर नै मेरा पुराना कुराको सम्झना आइरहेको छ । मानिसहरु यस्तो कुराले कसैको जीवनमा कति ठूलो चोट पुग्छ भनेर अनुमान लगाउन सक्दैनन् । उनीहरुको लागि यो त एक मिनेटको मनोरञ्जन हो, तर हाम्रो लागि यो वर्षौंसम्मको पीडा हो', उनले लेखेकी छन् ।

उनले अगाडि लेखेकी छन्, 'सबै गलत विवादले मेरो हातबाट कति धेरै राम्रा प्रोजेक्ट उम्किए, मलाई कति प्रोजेक्टबाट निकालियो । आज पनि व्यावसायिक जीवनमा आलोचना सहीरहेकी छु । आज पनि म कमेन्ट सेक्सनमा गाली सुनिरहेकी छु । मानिसहरु खराब प्रश्न सोधेका छन्, खराब कुरा लेख्छन्, मलाई गलत नामले बोलाउँछन् । मलाई भयंकर किसिमले ट्रोल गर्छन् ।

# लुम्बिनी लायन्सको 'ट्रफी सेलिब्रेसन टुर' पुस ५ गतेदेखि

■ सौर्य समाचार

काठमाडौं । नेपाल प्रिमियर लिग (एनपिएल)को दोस्रो संस्करणको विजेता लुम्बिनी लायन्सले यही पुस ५ गतेदेखि लुम्बिनी प्रदेशका विभिन्न जिल्लामा ट्रफी सेलिब्रेसन टुर सुरु गर्ने भएको छ । लुम्बिनी लायन्सले सार्वजनिक गरेको तालिकाअनुसार बाँके र बर्दियाबाट सुरु हुने टुर पुस १५ गते रुपन्देहीमा आएर पूरा हुनेछ । तालिकाअनुसार पुस ५ गते नेपालगन्जको बागेश्वरी मन्दिरदेखि गुलेरियासम्म र भन्सागढीदेखि कोहलपुरसम्म ट्रफी प्रदर्शन गरिनेछ । पुस ६ गते दाङको तुल्सिपुर-घोराहीमा टुर आयोजना हुनेछ ।

पुस ७ गते रुकुमको रुकुमकोट-खलंगासम्म, पुस ८ गते रोल्पाको लिवाङ-सुलिचौरसम्म, पुस ९ गते प्युठानको भिंगीदेखि स्वर्गद्वारीसम्म, पुस १० गते विजुवार बरुंलादेखि चकचके दरभाङ र भालुवाङसम्म टुर रहने जनाइएको छ । साथै पुस ११ गते कपिलवस्तुको चन्द्रौटा-कृष्णनगर-तौलिहवा-गोरुसिंगेसम्म, पुस १२ गते अर्घाखाँचीको सुपादेउराली मन्दिरदेखि सन्धिखर्कसम्म, पुस १३ गते गुल्मीको तम्घासमा, पुस १४ गते पाल्पाको तानसेन बजार, पुस १५ गते नवलपरासीको बर्दघाट-सुनवलसम्म र पुस १५ गते नै रुपन्देहीको भैरहवादेखि लुम्बिनीसम्म टुर आयोजना गरिनेछ ।


## Kispang Rural Municipality
### Office of Rural Municipal Executive
Kahule, Nuwakot
Bagmati Province , Nepal

### Invitation For Bids

(Electronic Bid Only)

Date of Publication: 19th-Dec-2025

1. Kispang Rural Municipality, invites bids from national eligible bidders for Item rate contract of following works:

| Contract Identification Number | Description and Location of Work | Bid Document Free (NRs) | Estimated Amount Including Vat and PS(NRs) | Bid Security Amount (NRs) | Bid Security Validity Period (day From the date of bid opening) | Prebid meeting/ Last date of submission/Bid opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|
| KRM/NCB/ WORKS/FOOT-TRAIL/04/2082/083 | Gonga Bhanjyang Fikuri Paryatakiya Purbadhar | 3000 | 96,98,368.82/- | 2,80,000/- | 120 days | 8th Jan 2026 12:00pm/18th Jan2026 12:00pm/18th Jan 2026 1:00pm at KRM Office | |
| KRM/NCB/WORKS/ WS/05/2082/083 | Hangkang Syong Khola Khanepani Ayojana | 3000 | 78,56,157.09/- | 2,20,000/- | 120 days | | |

2. Tender procedures shall follow public procurement Act and public procurement Rules
3. Bidders should deposit the equivalent fee for bidding document and bid security amount or submission of first class Bank Bid guarantee in the following Account within the date and time specified above.
4. A New Firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submit bids
5. Any amendment in the notice or bid document will be posted in ppmo's e-bid portal (www.bolpatra.gov.np) and website of kispang RM.
6. The Employer reserves the right to accept or partly any or all the bids without assigning reason whatsoever.

**Chief Administrative Officer**



### Government of Koshi Province
### Ministry of physical Infrastructure Development
### Infrastructure Development Directorate
### Infrastructure Development Office, Morang
Biratnagar, Nepal

### Invitation for Electronic Bids

**First Date of Publication: 2082/09/04 (19th December 2025)**

1. Government of Koshi Province has allocated funds towards the Upgrading/construction of following works and invites electronics bids only from eligible Nepalese bidders.

| S. N. | Contract Identification Number | Description and Location of work | Bid Validity Period | Estimated Amount including VAT& PS (NRs.) | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | IDO/MOR/NCB/ B/W-176/082-83 | Construction Of BP Koirala Socialist, Sundarharaincha -06 Morang | 90 days | 9,657,898.95 | 2,40,000 | 3000 |
| 2 | IDO/MOR/NCB/ B/W-177/082-83 | Construction of a Community Assembly Hall near Ward Office, Biratnagar–3 Morang | 90 days | 4,828,500.88 | 1,20,000 | 3000 |
| 3 | IDO/MOR/SQ/ B/W-178/082-83 | Construction of Building Sahida Laxmi Phuyal Ismiriti Parthisthan, Kanepokhari -05 Morang | 45 days | 1,931,278.50 | 48,000 | 1000 |
| 4 | IDO/MOR/SQ/ B/W-179/082-83 | Samsaan ghat nirman katahari-1, krishi bazaar dakshinpurba siwat swargadwari samshan dahasansakar ghar nirman, Morang | 45 days | 965,614.43 | 24,000 | 1000 |
| 5 | IDO/MOR/SQ/ B/W-180/082-83 | Construction of Arniko community Building, Biratnagar-19 | 45 days | 965,635.17 | 24,000 | 1000 |
| 6 | IDO/MOR/SQ/ R/W-181/082-83 | Construction of Shristy marga Jamun Gachi Uttar Sadak Starounati, Biratnagar-4, Morang | 45 days | 961,913.91 | 24,000 | 1000 |
| 7 | IDO/MOR/SQ/ R/W-182/082-83 | Radha Basnetko Ghar Dekhi Suraj Shresthako Ghar samma Sadak Starounati Thatha Dhal Nirman Biratnagar-4 | 45 days | 1,820,904.99 | 48,000 | 1000 |

2. Last date of Bid Submission for Sealed Quotation is 2082/09/20 (4th January 2026) at 12:00 Noon and bid opening shall take place in Infrastructure Development Office, Morang on 2082/09/20 (4th January 2026) at 13:00 PM.
3. Last date of Bid Submission for NCB is 2082/10/04 (18th January 2026) at 12:00 Noon and bid opening shall take place in Infrastructure Development Office, Morang on 2082/10/04 (18th January 2026) at 13:00 PM.
4. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered a last day. In such case validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. Detail Information related to respective invitation for bids can obtain from PPMO's e-GP system website: http://www.bolpatra.gov.np

**Office Chief**


**सृजना इन्टरनेशनल मिडिया प्रा.लि.**द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४५२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, **मुद्रण**: समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर, **निर्देशक** : वसन्तनाथ पन्त, **प्रधान सम्पादक**: बोधराज त्रिपाठी